# नगराईन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नगराईन,धनुषा

प्रदेश नं. २

# सेनिटरी प्याड खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/३०

यस नगरपालिकालाई सशर्त अनुदान अन्तर्गत आ.व. २०७६/०७७ मा आधारभूत तथा सामुदायिक विद्यालयहरुमा निःशुल्क सेनिटरी प्याड वितरण गर्नको लागि सेनिटरी प्याड खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म,संस्था,सप्लायर्स कम्पनीबाट रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन तपसिल अनुसारको शर्तमा रही पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**Invitation for Sealed Quotation**

| Contract No. | Description of work | Cost estimate (with vat) Rs. | Bid security amount | Bid security validity period | Payment (Non-refundable amount) | Remarks |
|---|---|---|---|---|---|---|
| NMUN/G/02/076/077 | Purchase of sanitary pad | 15,03,000/- | 45,000/- | 90 days | 1000/- | |

तपसिल :

१. दरभाउपत्र फारम रु. १०००/- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयको मेगा बैंकमा रहेको संचित कोष खाता नं. ०२६००१०१२४९७४ मा जम्मा गरी सक्कलै भौचर सहित पेश गर्नुपर्नेछ ।

२. सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनसम्म दरभाउपत्र फारम खरिद गर्ने तथा १६(सोह्र) औं दिनको १२:०० बजे सम्म दरभाउपत्र पेश गरी सक्नु पर्नेछ । १६ औं दिन दिनको २:०० बजे नगराईन नगर कार्यपालिकाको कार्यालयमा नियनानुसार दरभाउपत्र खोलिनेछ ।सम्बन्धित व्यक्ति वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद दाखिला तथा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट दरभाउपत्र दाखिला गर्ने तथा दरभाउपत्र खोलिनेछ ।

४. दरभाउपत्र खरिद गर्दा निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ :
   क) सप्लायर्सको प्रोपराईटर/फर्म संचालकको नेपाली नागरिकताको प्रमाण-पत्र ।
   ख) स्थायी लेखा नं. दर्ताको प्रमाण-पत्र ।
   ग) आ.व.२०७५/०७६ को करचुक्ता प्रमाण-पत्र ।
   घ) फर्म,संस्था,व्यवसायी वा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि ।

५. आपूर्ति गर्ने सेनीटरी प्याड कार्यालयले तोकेको मापदण्ड अनुसार हुनु पर्नेछ ।

६. सेनिटरी प्याडको म्याद कम्तिमा ३ वर्ष भन्दा बढी हुनु पर्नेछ ।

७. सिलबन्दी दरभाउपत्रको जमानत वापत हुन आउने रकम यस कार्यालयको मेगा बैंकमा रहेको खाता नं. ०२६००१०१२४९५२ धरौटी खातामा जम्मा गरेको रु.४५,०००/-(अक्षरेपी पैतालिस हजार) सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्रास क श्रेणीको बैंकबाट ९० दिनको म्याद भएको जमानत पत्रको साथ सिलबन्दी दरभाउ-पत्र पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्रमा अंक र अक्षरमा लेखेको व्यहोरा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिनेछ ।

९. दरभाउपत्र स्वीकृत भएका दरभाउपत्रदातालाई सोको जानकारी गराईनेछ र कबोल अंकको मु.अ.कर समेत ५% ले हुन आउने धरौटी रकम दाखिला गरेको सक्कलै भौचर वा सो बराबरको बैंक जमानत साथ १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न आइसक्नु पर्नेछ ।

१०. कार्यालयमा दर्ता हुन आएका दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा पूर्ण रुपमा सुरक्षित हुनेछ ।साथै यसमा उल्लेख भए बाहेक सार्वजनिक खरिद ऐन,नियमावली तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाईटwww.nagrainmun.gov.npर फोन नं. ९८४३७१७००३ मा कार्यालय समयमा फोन गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

राजकुमार के.सी.

प्रमुख प्रशासकीय अधिकृत

(उपसचिव)